दार्मा गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

फारुलाचौर, सल्यान

कर्णाली प्रदेश नेपाल

Website:www.darmamun.gov.np

email add. ito.darmamun@gmail.c

पत्र संख्या- २०८०/०८१

चलानी नं.:-

गाउँ दार्मा गाउँपालिका कार्यपालिकाको कार्यालय सल्यान २०७३

मिति२०८०/११/१३

विषयः-अखाद्य रङ्ग प्रयोग गरिएका खाद्यवस्तुहरू प्रयोग नगर्ने सम्वन्धमा।

प्रस्तुत विषयमा मुख्यमन्त्री तथा मन्त्री परिषदको कार्यालय, वीरेन्द्रनगर,सुर्खेतको प.सं.२०८०/०८१,च.नं.१८६२ मिति२०८०/११/०१को पत्र र खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय,सुर्खेतको च.नं.१९१को पत्र अनुसार हिजोआज बजारमा वालबालिकाहरूलाई लक्षित गरि खुला रूपमा विक्री वितरण हुने **Cotton Candy**(कपास मिठाई) मा प्रयोग भएको रङ्ग सम्वन्धमा खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागमा प्रास नमूनाको परिक्षण हुँदा राष्ट्रिय खाद्य तथा दाना रिफरेन्स प्रयोगशालाको विश्लेषण प्रतिवेदनमा अखाद्य रङ्ग (**Rhodamine-B**) को उपस्थिति पाइएको र उक्त अखाद्य रङ्गको प्रयोग भएको वस्तुको उपभोगले आम उपभोक्ताको स्वास्थ्यमा गम्भिर असर पुर्याउने भएकोले यसरी खुला रूपमा विक्री वितरण भएको **Cotton Candy**को उपभोग नगर्न र अनुमती लिएका,लेवल भएका बाहेकका खाद्य वस्तुहरूको उत्पादन तथा विक्री वितरण प्रतिवन्ध हुन स्थानीय तहबाट नै नियमनको व्यवस्था मिलाउन मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय,सुर्खेत र खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागबाट निर्देशन भए बमोजिम यस दार्मा गाउँपालिका अन्तर्गतका बजार केन्द्रहरूमा यस्ता अखाद्य रङ्ग र अखाद्य वस्तुहरू प्रयोग गरिएका खाद्य वस्तुहरू विक्री वितरण र उपभोग नगर्न नगराउनु हुन विक्रेता तथा आम उपभोक्ताहरूलाई सचेतताको लागि दार्मा गाउँपालिका हार्दिक अनुरोध गर्दछ।

**बोधार्थ**

श्री सूचना प्रविधि शाखा

Facebook पेज र Websiteमा अपलोड गर्नुहुन।

...................

रेशम ओली

प्रमुख प्रशासकीय अधिकृत

रेशम ओली

प्रमुख प्रशासकीय अधिकृत

"उत्पादनमा वृद्धि : दार्माको समृद्धि"